मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ४३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस १५ गते बुधवार (Wednesday, December 30. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

"आर्थिक सशक्तिकरणसहिकतको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

### लिम्बुवानले गर्‍यो चिनियाँ लगानीको औद्योगिक पार्कको भण्डाफोर

# स्थानीय सबै सुकुम्वासी, केही व्यक्ति अर्बपति !






तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**दमक, पुस १४।** चीनको लगानीमा झापाको दमकमा औद्योगिक पार्क निर्माणकाक्रममा स्थानीयवासीलाई अन्याय गरिएको भन्दै लिम्बुवानले मंगलबार वृहत् विरोध र्‍याली र सभा गरेको छ ।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको घटक संघीय लिम्बुवान मञ्च, नेपालले दमकमा ऱ्याली सहितको विरोधसभा सम्पन्न गरेको हो । वृहत् लिम्बूवान तथा क्लिन पार्क सरोकार सभा नाम दिइएको विरोध कार्यक्रममा लिम्बुवान कार्यकर्ता तथा स्थानीय गरी हजारौंको संख्यामा सहभागिता थियो । आफ्ना मागसँग सम्बन्धित विभिन्न नारा लेखिएका प्लेकार्ड तथा व्यानर बोकेका सहभागीको र्‍यालीले पीडितलाई न्याय दिलाउन माग गर्दै चर्का नाराबाजीसहित दमक बजार परिक्रमा गरेका थिए । र्‍यालीपछि गणतन्त्रचोकमा सभा गरिएको थियो ।

संघीय लिम्बुवान मञ्च, नेपालका अध्यक्ष कुमार लिङ्देन मिराकका अनुसार दमकमा बन्न लागेको अर्बौंको क्लिन पार्कले यहाँका आदिवासी जनजातिको जल, जमिन र जंगलमाथिको आईएलओ १६९ले दिएको अग्राधिकारलाई वेवास्ता गरिएको छ । उनले भने- त्यस क्षेत्रमा भएका हजारौं हेक्टर जमिनलाई न्यूनतम् मूल्य कायम गरी वर्तमान सरकारको निर्देशनमा जनतालाई सुकुम्बासी बनाउने र केही व्यक्ति रातारात अर्बपति हुने षड्यन्त्रबिरुद्ध मञ्चले बिरोधसभा आयोजना गरेको हो । 'मुआब्जाको नाममा पार्क बनाउन सोझा-साझा स्थानीय जनतामाथि ठगी भएको छ, सीमित व्यक्ति मोजमा छन्, त्यसकारण चीनको लगानी खेर जान्छ'- लिम्बुवान नेताहरुको भनाइ थियो ।

आफूहरु विकास विरोधी नभए पनि पीडितले उचित क्षतिपूर्ति नपाए त्यस सम्वन्धी काम हुन नदिने लिम्बुवान नेताहरुले बताए । चिनियाँ लगानी भित्र्याउन स्थानीय सबै राजनीतिक दलका प्रतिनिधि, जनप्रनितिनिधि, स्थानीय बासिन्दालगायतलाई समेटेर छलफल गरी सबैको सहमतिमा लगानीको वातावरण निर्माण गर्न आव्हान गरिए पनि त्यसो नभई सीमित दलको सेण्डिकेटबाट सोझा गरीब नागरिकलाई उठिबास लगाउने काम भएको लिम्बूवान नेताहरुले बताए । र्‍यालीमा सहभागीले प्लेकार्डसहित क्लिनपार्क पीडितको आवाज सुनुवाइ गर, क्लिनपार्क पीडितलाई न्यायोचित मुआब्जा वितरण गर, क्लिनपार्कको वास्तविकता सार्वजनिक गर जस्ता नारा लगाएका थिए । पार्क निर्माणको काम अपारदर्शी भएको र जनतालाई गुमराहमा राखिएको बताइएको छ । क्लिनपार्क सञ्चालनमा सर्वदलीय समिति गठन गर्नुपर्ने, जग्गाधनीहरुसँग वार्ता गरी क्षतिपूर्तिको समस्या समाधान हुनुपर्ने, क्लिनपार्कमा के निर्माण हुन आँटेको हो, त्यसबारे स्वेत पत्र जारी गर्नुपर्ने लगायतका माग लिम्बुवानले अघि सारेको छ ।

नेकपा सरकारले विकासको नाममा संघीयताको मर्म विपरीत, भौगोलिक विविधतालाई वेवास्ता गर्दै आदिवासी जनजातिहरुले संरक्षण गर्दै आएका प्राकृतिक सुन्दरताको दोहन गर्ने प्रयासहरु दिनदिनै हुन थालेकोमा मञ्चले विगतदेखि नै आपत्ती जनाउँदै आइरहेको बताइयो । संघीय लोकतान्त्रिक गणतन्त्र धर्म निरपेक्ष नेपालमाथिको आक्रमण बन्द गर्नुपर्ने, लिम्बुवान लगायत पहिचानको आधारमा १०+१ प्रान्तहरु र विशेष स्वायत्त क्षेत्र घोषणा गर्नुपर्ने लगायतका १५ बुँदे माग लिम्बुवानले अघि सारेको छ ।

सभामा केन्द्रीय अध्यक्ष लिङ्देन, उपाध्यक्ष ज्ञानुहाङ इम्बुङ, ज्ञानबहादुर गुरुङ, महासचिव शान्ता योङहाङ, झापा इञ्चार्ज भानु भट्टराई, महिला अध्यक्ष इन्दिरा मेन्याङ्वो, संघीय दलित सिल्पी मञ्चका बलराम ऋषिदेव, एलवी प्रवक्ता राजु राई, पहिचानवादी नेता साजन याख्या, अमर इजम, विद्यार्थी नेता मोहन मावो, पार्टीका जिल्ला अध्यक्ष धनबहादुर पन्धाकले स्वागत गरेको सभाको सञ्चालन सचिवालय सदस्य विष्णु भट्टराईले गरेकी थिइन् ।

चीन सरकारले औद्योगिक पार्क निर्माणका लागि कूल ६५ अर्ब लगानी गर्ने गरी सम्झौता भएको छ । दमक, गौरादह नगरपालिका र कमल गाउँपालिकाको कूल २१ सय बिगाह क्षेत्रमा वातावरणमैत्री औद्योगिक पार्क निर्माण प्रक्रिया अघि बढाइएको छ । पार्कलाई

(बाँकी अन्तिम पृष्ठमा)

## नेपाल नेतृत्वको नेकपाको झापा भेला

**दमक, पुस १४।** पार्टीको आधिकारिकतामा आफ्नो दाबी गरिरहेको माधवकुमार नेपाल नेतृत्वको नेकपाले बिर्तामोडमा झापा जिल्लास्तरीय अगुवा कार्यकर्ता भेला गरेको छ ।

भेलालाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै नेकपाका नेता नरेश खरेलले पार्टी कार्यकर्ताहरुलाई बिचलित नभई एकताबद्ध भएर लाग्न निर्देशन दिए । उनले पार्टीमा व्यक्ति गौण हुने र विधि प्रकृयालाई ठूला, साना, नेता, कार्यकर्ता सबैले आत्मसात गर्न सक्नुपर्ने भन्दै केपी शर्मा ओली स्वेच्छाचारी भएको आरोप लगाए । ओली प्रवृत्तिकाबिरुद्ध पार्टीभित्र लामो समयसम्म बहस र छलफल भएको, पटक-पटक सच्चिन आग्रह गरिएको तर उनले निर्वाचित संसद नै भंग गर्ने जस्तो आत्मघाती कदम चालेको बताए । उनले पार्टी विधान अनुसार नै अध्यक्ष ओलीलाई कारवाहीको निर्णय भएको स्मरण समेत कार्यकर्ताहरुलाई गराएका थिए ।

विजय साम्पाङको अध्यक्षतामा भएको सो कार्यक्रममा नेकपाका अर्का केन्द्रीय नेता एवम् पुष्पलाल मित्रता केन्द्रका महासचिव रवीन कोइराला, नेतृ धर्मशिला चापागाँई, झलकसिंह दर्लामी लगायतले पनि समसामयिक राजनीतिक परिस्थिति र पार्टीभित्रका गतिबिधिहरुका बारेमा जानकारी गराएका थिए । राजेन्द्र दाहालको सञ्चालनमा भएको सो कार्यक्रममा झापाका १५ वटै पालिकाहरुबाट अगुवा कार्यकर्ताहरुको सहभागिता थियो ।

## ग्यारेजमा आगलागी, डेढ करोडको क्षति

**झापा, पुस १४।** झापाको बिर्तामोडस्थित भद्रपुर रोडमा रहेको अटो ग्यारेजमा आगलागी हुँदा झण्डै डेढ करोड मूल्य बरावरको क्षति भएको छ ।

इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालका अनुसार बिर्तामोड-४स्थित लिटल फ्लावर्स स्कूल नजिकै रहेको ग्यालेक्सी अटो ग्यारेजमा सोमवारसाँझ आगलागी भएको हो । आगलागीबाट नयाँ अटो, मर्मतका लागि ल्याइएका पुराना अटो, अटो पाट्र्स लगायतका सामान जलेर नष्ट भएको हो ।

२० वटाभन्दा बढी अटो जलेको विवरण प्राप्त भएको बिर्तामोड नगरपालिकाका बारुण यन्त्रका

(बाँकी अन्तिम पृष्ठमा)

## विप्लवसहित चार पार्टीको रणनीतिक संयुक्त मोर्चा

**बिर्तामोड, पुस १४।** विप्लव समूहको नेपाल कम्युनिष्ट पार्टीसहित अन्य तीन पार्टीले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकामाथि झनै संकट थोपरेको आरोप लगाएका छन् ।

संविधानसभाको चुनावबाट ओली नेतृत्वमा बनेको सरकारले पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको र पछिल्ला घटनाहरुप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको चार पार्टीले साझा धारणा सार्वजनिक गर्दै वैज्ञानिक समाजवादको स्थापना गर्न माग गरेका छन् ।

मंगलवार एक विज्ञप्ति जारी गर्दै विप्लब समूहको नेपाल कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिष्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीबीच रणनीतिक संयुक्त मोर्चा निर्माण गर्ने सहमति भएको जनाएको छ । मोर्चाले राज्यसत्ताबिरुद्ध राजनीतिक विकासको ऐतिहासिक पहलकदमीका लागि काम गर्ने विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा नेपाल कम्युनिष्ट पार्टीका महासचिव विप्लव, नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव किरण, नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषिराम कट्टेल र वैज्ञानिक समाजवादी

(बाँकी अन्तिम पृष्ठमा)

## कायमै कोरोना कहर, होटलमा लगानीको लहर

**सुरेन्द्र भण्डारी**

**झापा, पुस १४।** गतअसोज महिनामा एक अर्ब ५० करोड रुपैयाँको लागतमा झापाको मेचीनगरस्थित धुलावारी नजिकै होटल मेची क्राउन सञ्चालनमा आयो ।

बंगलादेश, भुटान र भारतीय पर्यटकलाई लक्षित गर्दै नेपालको पूर्वी प्रवेशद्वार मेचीनगरमा पाँचतारे होटल सञ्चालनमा आएको थियो । करिब आठ बिगाह क्षेत्रफलमा फैलिएको होटल परिसरमा क्यासिनो, जिमहाउस, व्यापारिक मल, स्वीमिङ पुललगायतका सुविधासहित सरकारको अनुमतिसँगै होटल सञ्चालनमा ल्याइएको थियो ।

संसारभरिका खानाको स्वाद, नेपालका आदिवासी समुदायको विशिष्ठ मौलिक परिकारसमेत होटलमा उपलब्ध गराइने भन्दै होटल मेची क्राउन सञ्चालनमा आएको हो । त्यसको एक महिना बित्न नपाउँदै झापाको बिर्तामोडमा थ्रीस्टार मान्यता प्राप्त सिद्धार्थ बिजनेश ग्रुप अफ हस्पिटालिटीले सिद्धार्थ ग्राण्ड सिटी होटल सञ्चालनमा ल्यायो ।

५० करोड रुपैयाँको लागतमा सञ्चालनमा आएको होटलको उद्घाटन तत्कालीन पर्यटन, संस्कृति तथा नागरिक उडड्यनमन्त्री योगेश भट्टराईले गरेका थिए । मेचीकै मुख्य व्यापारिक केन्द्र बिर्तामोडमा ५१ वटा सुविधासम्पन्न कोठा, पाँच वटा विभिन्न रेष्टुरेन्ट, २ वटा कन्फ्रेन्स हल, स्वीमिङ पुल, हेल्थ क्लब, खुल्ला बगैंचासहित सञ्चालनमा आएको होटलले पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । पछिल्लो ९० दिनमा सञ्चालनमा आएका झापाका दुई ठूला यी होटल प्रतिनिधि मात्रै हुन् । अहिले पनि झापामा अरबौं रुपैयाँ लगानी गर्दै फाइव स्टार लेभलमा दुई बटा होटल निर्माणाधीन छन् ।

बिर्तामोड-४ हर्कलाल मार्गमा तीन अर्ब रुपैयाँको लगानीमा होटल एट्रियम निर्माणाधीन अवस्थामा छ भने बिर्तामोड नगरपालिका-१ देवी पञ्चकन्या नजिकै अर्को फाइव स्टार लेभलकै होटल- ग्राण्ड प्रिन्सले भवन निर्माण सम्पन्न गरी सञ्चालनको तयारी गरेको छ । होटलमा एक अर्बभन्दा बढी लगानी गरिएको छ ।

बिर्तामोडका व्यवसायी दुर्गा प्रसाईले ११० कोठा रहने होटल एट्रियम क्यासिनो सञ्चालनका लागि तयार गर्दैछन् । होटलको ७० प्रतिशत काम सकिएको प्रसाईको भनाइ छ । होटल एट्रियम ४ बिगाह क्षेत्रफलमा फैलिएको छ । सो होटल विशेषगरी भारतीय पर्यटकहरूलाई लक्षित गर्दै सञ्चालनको तयारी

(बाँकी अन्तिम पृष्ठमा)

## पिसाब गरेर ढोका खोल्दा...

**झापा, पुस १४।** पार्किङमा राखिएको आफ्नो गाडीको स्टेरिङ्ग सिटमा चढ्न खोज्दै गर्दा पछाडिबाट आएको ट्रकको ठक्करबाट झापामा एक जना सवारी चालकको मृत्यु भएको छ ।

सोमबारराति झापाको शिवसताक्षी नगरपालिका-१०स्थित भालुखोलामा पार्किङ गरेर पिसाव गरेर आफ्नै स्टेरिङ्गमा चढ्नका लागि ढोका खोल्दै गरेका मोरङ केरावारी गाउँपालिका-८का भोजराज भनिने कृष्ण आचार्यको पछाडिबाट आएको

(बाँकी अन्तिम पृष्ठमा)

**ल्होसारै आशिमला**

**मुसा वर्ग (च्यू-ल्हो)** बाट **गाई वर्ग (ल्वौं-ल्हो)** मा प्रवेश गरेको तमू ल्होसार २०७७को पावन अवसरमा देश तथा विदेशमा रहनुहुने तमू आमा-बुबा, दाजुभाइ तथा दिदीबहिनीमा **ल्होसारै आशिमला** साथै सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।



**प्रो. उदय गुरुङ**

**जय बुद्ध ट्रेड लिंक**, बिर्तामोड, झापा

**डाक्टर आउने बारेको सूचना**

**डा. अन्जल बिष्ट**
M.B.B.S.M.D. (Internal Medicine)(NAMS)
Fellowship in clinical immunology and Rheumatology (GRIPMER New Delhi)
EULAR Course in Rheumatic Disease(Zurich,Switzerland)
**बाथ रोग बिशेषज्ञ**
NMC-8013

यसपटक यही पुस १७ गते शुक्रवार र १८ गते शनिवार **वीर अस्पताल** काठमाडौंबाट आउँदै हुनुहुन्छ ।

**प्रान्जल फार्मेसी**, बिर्तामोड-४ (अन्धुवा पुल उत्तर), झापा
फोन नं. ०२३-५४४८२२, ९८४२६५४३२५

**ल्होसारै आशिमला**

**मुसा वर्ग (च्यू-ल्हो)** बाट **गाई वर्ग (ल्वौं-ल्हो)** मा प्रवेश गरेको तमू ल्होसार २०७७को पावन अवसरमा देश तथा विदेशमा रहनुहुने तमू आमा-बुबा, दाजुभाइ तथा दिदीबहिनीमा **ल्होसारै आशिमला** साथै सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।




**उदय गुरुङ्: महासचिव** **धनबहादुर गुरुङ्: अध्यक्ष**

**तथा तमू ह्युल छोंज धी गुरुङ्ग राष्ट्रिय परिषद्** जिल्ला कार्य समिति, झापा

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक **OPD**, क्षारसुत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारका लागि **सम्पर्क** : ९८०६०००३१३/०२३-५९०१६६

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

# सहुलियत कर्जा लगानी सम्झौता

**विनोद सापकोटा**

**झापा, पुस १४।** शिवसताक्षी नगरपालिका र राष्ट्रिय वाणिज्य बैंकबीच सहुलियत कर्जा लगानी गर्ने विषयमा सम्झौता भएको छ। शिवसताक्षी नगरपालिकाको कार्यालयमा सोमबार नगरका तर्फबाट प्रमुख चन्द्रकुमार सेर्मा र राष्ट्रिय वाणिज्य बैंक प्रादेशिक कार्यालय विराटनगरका प्रमुख ऋषभ भट्टराईले सम्झौता-पत्रमा हस्ताक्षर गरेका छन् ।

मेची अञ्चलमा पहिलोपटक शिवसताक्षी नगरपालिकासँग राष्ट्रिय वाणिज्य बैंकले सम्झौता गरेको हो। यसअघि १ नम्बर प्रदेश अन्तर्गत सहुलियत दरको कर्जा प्रवाह गर्न मोरङको बेलबारी र संखुवासभाको खाँदवारी नगरपालिकासंग सम्झौता गरेको प्रादेशिक कार्यालय विराटनगरका प्रमुख भट्टराईले बताए। शिवसताक्षी नगरपालिकाका नगरबासीले बैंकको शिवगञ्ज शाखाबाट सेवा पाउने शाखा प्रमुख खगेन्द्र कन्दङ्वाले जानकारी दिए।

नगरपालिका र राष्ट्रिय वाणिज्य बैंकबीच सहुलियत दरको कर्जा प्रवाह गर्न सम्झौता भएपछि पालिकाका बासिन्दाले सहुलियत ब्याज दरमा कर्जा पाउने छन्। सरकारले ल्याएको एकीकृत सहुलियत कर्जा कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैकले अधिकतम् २.७४ प्रतिशत ब्याजदरमै कर्जा दिन लागेको हो।

व्यवसायिक कृषि तथा पशुपन्छी, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवा परियोजना, महिला उद्यमशील, दलित समुदाय व्यवसाय विकास, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा र भूकम्पपीडितको निजी आवास निर्माणमा सहुलियतपूर्ण कर्जा दिने व्यवस्था सरकारले गरेको बैंकका प्रादेशिक प्रमुख भट्टराईले बताए। उनले भने- 'यो सुविधा स्थानीय पालिकाका वासिन्दाले पाउने छन्।'

महिला उद्यमशीलतामा १.७४ प्रतिशत ब्याजमा अधिकतम् १५ लाखसम्म कर्जा उपलब्ध गराउने भट्टराईले बताए। पुरुषका हकमा २.७४ ब्याजदरमा कर्जा उपलव्ध हुने छ। 'आफू रहेको वडाको सिफारिसमा महिला उद्यमशीलतामा १५ लाख रुपैयाँसम्म कर्जा लिन पाउने छन्। सिफारिससहित कुन उद्देश्यका लागि कर्जा सुविधा लिने हो, त्यसको फाइल र परियोजना बैंकले निरीक्षण गरेपछि कर्जा सुविधा पाइने छ'- भट्टराईले भने।

नगद १५ लाखसम्म बैंकले बिना धितो कर्जा स्थानीय पालिकाको जमानतमा दिनेछ। यसका अलवा कर्जा रकमको अनिवार्य बिमा हुनुपर्ने प्रावधान छ। १५ लाखभन्दा माथि कर्जा आवश्यक परेमा अचल धितो बन्धक राख्नुपर्ने बैंकले जनाएको छ। कर्जा लिन चाहने उद्यमीले स्थायी लेखा नम्बर लिएको हुनुपर्दछ। कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेकाले मात्र सहुलियतदरको कर्जा पाउने भट्टराईले बताए।

स्नातक तहसम्म उत्तीर्ण गरेकाले शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखेर ५ प्रतिशत व्याज अनुदानमा सात लाखसम्म ऋण पाउनेछन्। ऋण पाउन ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ। शैक्षिक प्रमाणपत्रको सक्कलप्रति र घरेलु तथा साना उद्योग कार्यालय र समिति, सिप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट कम्तीमा ७ दिनको तालिम लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा तालिम लिएको प्रमाण पेश गर्नुपर्छ।

व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा १८ वर्ष उमेर पुगेका युवाले पाउनेछन्। १० लाख रुपैयाँसम्म कर्जा लिन सामुहिक जवानी, १० लाखभन्दामाथि कर्जा लिन संस्था र एक करोडभन्दामाथि कर्जा लिन कम्पनी हुनुपर्ने व्यवस्था कार्यविधिले गरेको छ। १० लाख रुपैयाँभन्दा बढी कर्जा लिन चाहने संस्था वा कम्पनीले कर्जाको विस्तृत परियोजना विवरण पेश गर्नुपर्नेछ।

वेदेशिक रोजगारीबाट फर्केका युवा परियोजनाका लागि विदेशमा ६ महिना काम गरेको र विदेशबाट फर्केको ३ वर्ष ननाघेको हुनुपर्नेछ। १० लाख रुपैयाँसम्म पाइने यस्तो कर्जा ग्रिन कार्ड होल्डरले भने पाउने छैनन्।

१८ वर्ष उमेर पुगेका कम्तीमा पाँच जनाको समूहले १५ लाख रुपैयाँसम्मको महिला उद्यमशीलता कर्जा पाउनेछन्। माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरेका २५ वर्ष उमेर ननाघेका, विपन्न, सीमान्तकृत, समुदाय वा लक्षित वर्गले सात लाख रुपैयाँसम्म ऋण सुविधा पाउनेछन्।

भूकम्पका कारण निजी आवास गुमाएका अन्य कुनै संस्थाबाट अनुदान नपाएका, अन्य कुनै ठाउँमा बस्नयोग्य घर नभएका भूकम्पपीडितले तीन लाख कर्जा पाउने व्यवस्था गरेको छ। यी सबै कर्जाको अवधि ५ वर्षको हुनेछ। महिला उद्यमशीलता लागि ६ प्रतिशत ब्याज अनुदान र ५ करोडभन्दा माथिका व्यावसायिक कृषि तथा पशुपन्छी परियोजनका लागि दुई प्रतिशत ब्याज अनुदान पाउने व्यवस्था गरिएको छ।

शिवसताक्षी नगर प्रमुख चन्द्रकुमार शेर्माले नगरवासीलाई राष्ट्रिय बाणिज्य वैंकबाट अधिकतम् फाइदा दिन आग्रह गरेका छन्। उनले वडा पालिकाको सिफारिस र अन्य वैंकको मापदण्ड भित्र रहेर कर्जा सुविधा लिन नगरवासीलाई अनुरोध गरे। उनले भने- जमानत नगरपालिका बस्छ, तपाइँहरु सहुलियत दरको कर्जा लिएर इमान्दारकासाथ उद्यम गर्नुहोस्।


# झापामा पहिलोपटक भेटियो ध्वाँसे चितुवा

**भद्रपुर, पुस १४।** झापामा पहिलोपटक ध्वाँसे चितुवा (क्लाउडेड लियोपार्ड) भेटिएको छ

विश्वकै लोपोन्मुख प्रजातिमा पर्ने ध्वाँसे चितुवा झापा र इलामको चुरे क्षेत्रको जङ्गलमा भेटिएको डिभिजन वन कार्यालय झापाले जनाएको छ। बुद्धशान्ति गाउँपालिका-१ देउराली धेक्सेदेखि २५० मिटरमाथि जङ्गलमा शनिवार बिहान साढे ७ बजे स्थानीयले ध्वाँसे चितुवा भेटाएको डिभिजन वन कार्यालय झापाका सहायक वन अधिकृत देवेन्द्र उप्रेतीले जानकारी दिए।

३६ इन्च लम्बाइ भएको चितुवालाई स्थानीयले घेरा हालेर समातेको स्थानीय वीरेन्द्र चापागाँईले बताए। बिरालो जस्तो देखिने चितुवा केही दिनदेखि गाउँघर नजिकै जङ्गलमा देखिन थालेपछि स्थानीयले पासो थापेर समातेको र त्यसपछि वनका कर्मचारीलाई जिम्मा दिएको उनले बताए।

मानवीय क्षति गर्नुभन्दा अघि नै स्थानीयबासीले चितुवालाई समात्न सफल भएको स्थानीय मनोज कार्कीले बताए। स्थानीयले समात्न खोज्दा चितुवाको मुखमा चोट लागेको सहायक वन अधिकृत उप्रेतीको भनाइ छ। नियन्त्रणमा लिएको चितुवालाई हाल कनकाई नगरपालिकास्थित जामुनबारी सामुदायिक वन उपभोक्ता समूहभित्र प्रदेश सरकारले बनाएको वन्यजन्तु संरक्षण तथा उद्धार केन्द्रमा राखिएको छ। त्यहाँ घाइते चितुवाको उपचार समेत भइरहेको जनाइएको छ।



'झापामा ध्वाँसे चितुवा पहिलो पटक भेटिएको हो'- सहायक वन अधिकृत उप्रेतीले भने- 'घनाजंगल तथा चिसो मौसम बस्न रुचाउने ध्वाँसे चितुवा यसअघि जिल्लामा भेटिएको रेकर्ड थिएन।' यो चितुवा अन्य चितुवाको तुलनामा बढी आक्रामक हुन्छ र यो मांसाहारी र ढाड भएको प्रजातिमा पर्छ। ध्वाँसे चितुवा नेपालसहित बङ्गलादेश, भुटान, क्यम्बोडिया, चीन, भारत, मलेशिया, म्यानमार, थाइल्यान्ड, भियतनाम जस्ता मुलुकमा पाइन्छ।

नेपालमा यसको संख्या ३ सयदेखि ५ सयसम्म रहेको छ भने विश्वमा यसको संख्या ३२ सयको हाराहारीमा रहेको छ। यस्ता प्रकारका चितुवा इलाम, कास्की र कैलालीमा भेटिने गरेको छ। नेपालको वन्यजन्तु संरक्षण ऐन अनुसार यस्ता प्रजातिका वन्यजन्तुलाई संरक्षण गर्नुपर्छ। समुन्द्र सतहभन्दा ३ हजारदेखि साढे पाँच हजारमाथिसम्म ध्वाँसे चितुवा पाइन्छ। सन् १९००मा पहिलोपटक ध्वाँसे चितुवा चीनमा भेटिएको थियो। चीनमा भेटिएको चितुवालाई त्यसपछि लण्डन लगिएको थियो।

# क्षितिज संगीत साधना प्रतिष्ठान झापाको नेतृत्व चयन



**बिर्तामोड, पुस १४।** क्षितिज संगीत साधना प्रतिष्ठान झापाको अध्यक्षमा निरज पोखरेल चयन भएका छन्।

बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माणाधीन बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरमा आयोजित संस्थाको प्रथम अधिवेशनले पोखरेलको अध्यक्षतामा १५ नयाँ कार्यसमिति गठन गरेको हो।

क्षितिज नाट्य समूह झापाको विभागीय समिति अन्तर्गत गठित समितिको उपाध्यक्षमा पवित्रा ओली, महासचिव जीतेन्द्र श्रेष्ठ, सचिव सुजन शिवाकोटी, कोषाध्यक्ष गोविन्द रपाल रहेका छन्। त्यस्तै सदस्यहरुमा निमेश शिवाकोटी, पुष्पा प्रणामी, मणि वर्देवा, अर्जुन खरेल, राजकुमार गुरुङ, ज्ञानीकुमार खड्का, ध्रुवराज कडरिया, किरण कन्दङ्वा रहेका छन्। समितिको दुई जना सदस्य पछि मनोनयन गरिने बताइएको छ।

उक्त समिति चयन गर्नका लागि नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी संयोजक र बिर्तामोड-१का वडा सदस्य प्रेमकुमार खरेल र न्यायिक समिति सदस्य यमुना आचार्य रहेको निर्वाचन समिति गठन गरिएको थियो। नवनिर्वाचित पदाधिकारीहरुलाई बुधबार झापा नाटक घरमा हुने नेपाल पब्लिक स्पीकर सिजन टु का विजेता कवि, साहित्यकार तथा प्रखर बक्ता रमेश प्रसाईंको नागरिक अभिनन्दन, कार्यक्रममा प्रमाण-पत्र प्रदान गरिने बताइएको छ।

झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा नचानु विष्णु श्रीजंघा टोल सुधार संस्थाका अध्यक्ष भोजकुमार मास्केले स्वागत गरेका थिए। कार्यक्रममा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक प्रसाईले लोप हुन लागेको भाषा, कला, संगीत र साहित्यको संरक्षण र सम्वर्द्धनमा क्षितिज संगीत साधना प्रतिष्ठान झापाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

त्यस्तै क्षितिज नाट्य समूह झापाका केन्द्रीय अध्यक्ष माधव कल्पितले लोप हुन लागेको गीत संगीत भाषा, कला र साहित्यको संरक्षण र सम्वर्द्धन गर्दै सबै जातजाति तथा भाषाभाषीको सामुहिक अपनत्व कायम गराउने उद्देश्यले क्षितिज नाट्य समूह झापाले बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घर निर्माण गरिरहेको र सबै क्षेत्रका श्रष्टालाई अवसर प्रदान गरिने बताए।

गायकहरु निरज पोखरेल, अर्जुन खरेल, जीतेन्द्र श्रेष्ठ, गायिका पवित्रा ओली, बडासदस्य खरेल लगायतले गीत प्रस्तुत गरेको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष हरिप्रसाद भण्डारी लगायतको सहभागिता रहेको थियो।

# त्रिगाउँ उत्पादन तथा प्रशोधन सहकारीको सभा

**अर्जुनधारा, मंसीर १४।** झापाको अर्जुनधारा-८स्थित त्रिगाउँ जडीबुटी उत्पादन तथा प्रशोधन सहकारी संस्था लिमिटेडको १०औं वार्षिक साधारण सभा मंगलबार सम्पन्न भएको छ।

संस्था सञ्चालक समितिका अध्यक्ष हरिप्रसाद दाहालको अध्यक्षता र नगर उपप्रमुख कमला खतिवडा आचार्यको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा स्वागत उपाध्यक्ष मोहन पौड्यालीले गरेका थिए।

कार्यक्रममा अध्यक्ष दाहालले संस्थाको वार्षिक प्रगति प्रतिवेदन र लेखा समितिको प्रतिवेदन समितिका संयोजक ताराप्रसाद उपाध्यायले प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनमा चालू आर्थिक वर्षको अन्त्यसम्म शेयर सदस्यले अनिवार्य एक सय कित्ता शेयर पुऱ्याउनुपर्ने, संस्थाले सञ्चालन गरेको अमला, हर्रोबर्रोको नर्सरीमा विरुवाको संख्या २५ हजार पुऱ्याउने, अर्जुनधाराको १, २, ३ नम्बर वडासँगै बिर्तामोडको सबै वडामा कार्यक्षेत्र विस्तार गर्ने, शेयर सदस्यहरुलाई सहकारी र जडीबुटी उत्पादन सम्बन्धी तालिम प्रदान गर्ने लगायत उल्लेख गरिएको छ।



हाल दुई सय ६६ जना शेयर सदस्य रहेको संस्थाको शेयर पूँजी नौ लाख २७ हजार रुपैयाँ, कूल निक्षेप २३ लाख ६४ हजार पाँच सय ६५ रुपैयाँ र कूल ऋण लगानी २० लाख २० हजार दुई सय ३८ रुपैयाँ रहेको छ। सोही कार्यक्रमको सन्दर्भमा असल ऋणी रिस्ता रिमाल र उत्कृष्ट बचतकर्ता कुन्तीकुमारी लुंगेली मगरलाई पुरस्कृत गरिएको थियो। नगर कार्यपालिका सदस्य हरिमाया दाहाललगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन सचिव इन्द्रप्रसाद खतिवडाले गरेका थिए।

## कायमै ...

थालिएको हो। कृषि उत्पादनको हब भनेर चिनिने झापा पछिल्लो समय होटलको समेत हब बन्दै गइरहेको छ। बिर्तामोड, मेचीनगर, दमकलगायत व्यापारिक केन्द्रका रुपमा विकास हुँदै गइरहेकाले तारे होटलहरु सञ्चालनमा आउन थालेका छन्।

कोरोना कहरका कारण देशभरका होटल व्यवसाय प्रभावित बनेका छन् नै, कतिपय व्यवसायी पलायनको स्थितिमा समेत पुगेको अवस्थामा पुगेका छन्। तर, झापामा होटल व्यवसायमा लगानी बढ्दो रहेको होटल व्यवसायी संघ झापाका वरिष्ठ उपाध्यक्ष नरेश बोहोराले बतए।

होटल व्यवसाय क्षेत्र पर्यटनसंग प्रत्यक्ष जोडिएकाले झापामा यो क्षेत्रमा लगानी गर्नेहरु उत्साहित भएको बोहोराको भनाइ छ। सरकारले सन् २०२०लाई पर्यटन वर्ष मनाउने घोषणा गरेपछि झापामा होटल व्यवसाय क्षेत्रमा लगानी गर्ने क्रम बढ्दो थियो। तर, कोरोना भाइरसको संक्रमणका कारण सुस्ताएको यो क्षेत्र अहिले बिस्तारै तङ्ग्रिदै गएको छ भने नयाँ लगानीकर्ताहरुले समेत यो क्षेत्रमा लगानी गर्न शुरु गरेका छन्।

कोरोना कहरकैबीच झापामा मझौला तथा अन्य साना होटल खुल्ने क्रम पनि उत्तिकै छ। झण्डै २०देखि २५ हजार मानिस होटल व्यवसाय क्षेत्रमा आवद्ध रहेको झापामा मंगलवार मात्रै दमकका युवा व्यवसायी दिवस राईले बिर्तामोडमा 'बिर्तामोड थकाली किचन एण्ड बार' सञ्चालनमा ल्याए।

१५ जना भन्दा बढीलाई रोजगारी दिँदै झण्डै एक करोड रुपैयाँको लागतमा सञ्चालनमा ल्याएको होटलको उद्घाटन होटल व्यवसायी संघ झापाका बरिष्ठ उपाध्यक्ष बोहोराले गरे। होटलमा सबै परिकार अर्ग्यानिक पाइने बताइएको छ। विशेषगरी मुस्ताङको दाल, च्याङ्ग्राको मासु, हाँसको छोइलासहित थकाली खाना शुपथ मूल्यमा उपलब्ध गराइने राईको भनाइ छ। राईले यस अघि दमकमा तीन वर्षदेखि थकाली किचन सञ्चालनमा ल्याएका थिए।

नेपाल सरकारले तामझामका साथ नेपाल भ्रमण वर्ष २०२० शुरु गरेतापनि कोरोना भाइरसबाट सिर्जित महामारीले स्थगित भयो। २० लाख पर्यटक ल्याउने घोषणासहित नेपाल भ्रमण वर्ष शुरु भएपछि नयाँ-नयाँ चेन होटल, नयाँ रिसोर्ट र रेष्टुरेन्टहरु खुल्ने र सञ्चालन हुने अवस्था रहे पनि ती प्रभावित बने। कतिपय साना होटल त अझै सञ्चालनमै आउन सकेका छैनन्।

तर, कोरोना कहरकै बीचमा झापामा पर्यटन पूर्वाधारमा लगानी थपिएको छ। कृषि उत्पादनको हब भनेर चिनिने झापा पछिल्लो समय होटलको समेत हब बन्दै गइरहेको छ। साना होटल व्यवसाय विस्तारै तङ्ग्रिदै गए पनि ठूला होटलमा लगानी गर्नेको होड नै चलेको छ।

## विप्लवसहित ...

कम्युनिष्ट पार्टीका संयोजक आहुतीले हस्ताक्षर गरेका छन्। उनीहरुले जारी गरेको संयुक्त विज्ञप्तिमा प्रधानमन्त्री केपी शर्मा ओली निरङ्कुशतातर्फ उन्मुख भएको उल्लेख छ।

त्यस्तै चार पार्टीले सार्वजनिक गरेको विज्ञप्तिमा नै भनिएको छ- संसद पुनर्स्थापना वा मध्यावधि निर्वाचन या यसै व्यवस्थाभित्र सरकार परिवर्तन गरेर मात्रै हुँदैन यसका लागि दलाल तथा प्रतिक्रियावादी राज्यसत्ताको अन्त्य र संघीय जनगणतन्त्र/वैज्ञानिक समाजवादको स्थापना हुनुपर्छ। मंगलवार निर्माण भएको मोर्चाले आगामी कार्यक्रम घोषणा गर्ने विज्ञप्तिमा उल्लेख छ।

## ग्यारेजमा ...

इन्चार्ज चन्द्रबहादुर पौडेलले जानकारी दिए। आगो निभाउन बिर्तामोड, भद्रपुर र मेचीनगरको दमकल बोलाइएको थियो। त्यस्तै आगो नियन्त्रण गर्न स्थानीय र प्रहरी पनि खटिएका थिए।

सोमवार बेलुका ७:३० बजेतिर शुरु भएको आगलागी दुई घण्टापछि नियन्त्रणमा आएको थियो। उमेश साहले सञ्चालन गर्दै आएको सो ग्यारेजमा विद्युत सर्ट भएर आगलागी भएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ।

## पिसाब ...

ट्रकको ठक्करबाट मृत्यु भएको हो।

मृतक आचार्य को२च १५८ नम्बरको वोलेरो पिकअपका चालक हुन्। प्रहरीका अनुसार आचार्य पिसाब फेरेर आफ्नो गाडीको स्टेरिङ्गमा बस्नका लागि चालकतर्फको ढोका खोल्दै थिए। उनलाई ग१ख ६४६७ नम्बरको ट्रकले ठक्कर दिएको थियो।

दुर्घटनाबाट गम्भीर घाइते भएका आचार्यको बिर्तामोडको वीएण्डसी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको ट्राफिक प्रहरी पोष्ट झिलझिलेका प्रहरी सहायक निरीक्षक गणेशकुमार श्रेष्ठले जानकारी दिए। इलाका प्रहरी कार्यालयले ट्रक र सोका चालक पाँचथर हिलिहाङ्ग गाँउपालिका-७का डवलकुमार तामाङलाई नियन्त्रणमा लिएको छ।

उता मोरङको पथरीशनिश्चरे नगरपालिका-२ हरियाली सामुदायिक वन क्षेत्रको राजमार्गमा सोमवार दिउँसो भएको सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ।

पूर्वबाट पश्चिमतर्फ आउदै गरेको को१च ९९४५ नम्बरको स्कारपियोले बिपरीत दिशातर्फ जाँदै गरेको तत्काल नम्बर नखुलेको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाईकलमा सवार रहेका मिक्लाजुङ गाउँपालिका-४का ३५ बर्षीय सन्तोष लिम्बू र २६ बर्षीय सुनील धमलाको मृत्यु भएको हो।

स्कर्पियोको ठक्करबाट घाइते भएका लिम्बूलाई उपचारको लागि मंगलवारे अस्पताल पठाइएकोमा बाटैमा मृत्यु भएको र धमलालाई बिराटनगरको न्यूरो अस्पताल पठाइएकोमा उनको पनि बाटैमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। मोटरसाइकललाई ठक्कर दिने स्कर्पियो र चालकलाई इलाका प्रहरी कार्यालय पथरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको तथा मोटरसाइकल तेल लिक भई आगलागी हुँदा जलेर पूर्ण रुपमा क्षति भएको उक्त कार्यालयले जनाएको छ।

## स्थानीय ...

दक्षिण एशियाकै ठूलो भनिएको छ।

उक्त कार्य गर्दा सबै सरोकारवालाहरूसँग बसेर सबैका गुनासा सुनेपछि उचित सहमतिका आधारमा अघि बढ्ने प्रतिबद्धता जनाइए पनि त्यसो नभएको जनाइएको छ। दमक क्लिन इण्डष्ट्रियल पार्क प्रालिको नामबाट प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्र झापा ५ मा करिब २१ सय बिगाह जग्गामा पार्क बन्न लागेको हो।


## कर्मचारी आवश्यकता

थर्मोप्लास्टिक रोड पेन्टिङ गर्ने तपसिल अनुसारका कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**आवश्यक संख्या**

काममा दक्ष प्राविधिक- १ जना

सहयोगी सहायक- १ जना

ट्याक्टर ड्राइभर- ३

तलबः आपसी समझदारीमा आकर्षक खान/बस्नको समेत सुविधा छ।

**झापाली बिल्डर्स**

फोन नं. ९८०१४०५२९९, ९८५१०५१२१८

## वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी।

मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी।

**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**

## विशेषज्ञ डाक्टरहरूको सेवा

**डा. सविन मानन्धर**
MBBS (KU) MD
बरिष्ठ बालरोग विशेषज्ञ दैनिक सेवा

**डा. सरोजकुमार यादव**
MBBS, MS
जनरल सर्जन युरोलोजी, दैनिक सेवा

**डा. राजीव कोइराला**
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

**डा. प्रमोदकुमार दास**
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा (८-१०) बजे)

**यहाँ अन्य सेवाहरुः** डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

**बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.**
शनिश्चरे रोड, पाथीभरा टोल ४ नं. रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

**अरनिको बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-४ झापाको**

## साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०७७।०९।१० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको चौधौं बार्षिक साधारणसभा कोरोना महामारीका कारण नेपाल सरकारद्वारा जारी भएको निर्देशन अनुसार बृहत् रुपमा भेला तथा सम्मेलन गर्न नपाइने भएकोले यस बिषम् परिस्थितिमा सहकारी बिभागद्वारा जारी निर्देशनको परिधिभित्र रही निम्न मिति, समय र स्थानमा साधारणसभा सम्पन्न हुने हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साधारणसभामा प्रस्तुत हुने प्रतिबेदन कार्यालय प्रतिनिधिमार्फत पठाइ सकिएको हुँदा आवश्यक सल्लाह र सुझाब मिति २०७७ पुस २१ गते देखि २३ गते सम्ममा कार्यालय समयभित्र बुझाउनु हुनको लागि समेत सूचीत गरिन्छ।

**तपशिल**

मिति :- २०७७ ०९।२५ गते शनिवार — समयः- बिहान ११:०० बजे

स्थानः- संस्थाको सभाहल, बिर्तामोड-४ झापा

**रोहितकुमार भट्टराई : अध्यक्ष**

## Teacher Wanted

Primary Teacher- 01
Contact: 023-534939, 9804998590

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com



## समावेशीकरणको यात्रामा एउटा अभियान:
## पूर्वाञ्चल दैनिकद्वारा प्रकाशित लिम्बू भाषा (किरात सिरिजङ्गा लिपी)

# समावेशी नेपाल



[illegible]



[illegible]



[illegible]



[illegible]



[illegible]



[illegible]



[illegible]

[illegible]

किरात याक्थुङ चुम्लुङ जिल्ला कार्य समिति झापाको संयोजनमा सम्पादित लिम्बू भाषा खण्डको लागि सम्पादक सेसेहाङ फियाक लिम्बू (९८०७९१२०६६), सह-सम्पादक सेसेमी सेनाम्बो (९८१८०७०७४३), डिल्लीश्वर मुसाहाङ अम्बाङ्बा (९८१७३०४०८०)।

# माईधार र घैलाडुब्बामा शाखारहित माछापुच्छ्रे बैंक



**माईधार, पुस १४।** शिवसताक्षीको माईधारमा माछापुच्छ्रे बैंकको शाखारहित सेवा शुरु भएको छ। उक्त सेवाको शुरुवात शिवसताक्षीका नगर प्रमुख चन्द्रकुमार सेर्माले गरेका हुन्।

माईधारमा बैंक स्थापना भएपछि शिवसताक्षी-१० का सात सय जना सामाजिक सुरक्षा भत्ता लिने नागरिक लाभान्वित हुने बताइएको छ। वडा नम्बर १० मा बैंक नहुँदा स्थानीय वडाबासीले दूधे वा सुरुङ्गासम्म पुगेर बैकिङ्ग सेवा लिने गरेका थिए।

कार्यक्रममा बैंकका १ नम्बर प्रदेश कार्यालयका सहायक प्रमुख मुकेश थापाले शाखारहित बैङ्किक सेवाबाट खाता खोल्ने, पैसा राख्ने, झिक्ने, ऋण माग गर्ने, एटिएमकार्ड लगायातका सेवा प्रवाह गर्न सकिने बताए।

यसैबीच कनकाई-९ घैंलाडुब्बा बजारमा उक्त बैंकको शाखारहित सेवा शुरु गरिएको छ। उक्त सेवाको उद्घाटन कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले गरेका थिए।

घैलाडुब्बाबाट बैंकको सबै आर्थिक कारोबार गर्न सकिने बैंकका सुरुङ्गा शाखा प्रमुख खगेन्द्रबहादुर श्रेष्ठले जानकारी दिए। खाता खोल्ने, नगद जम्मा, एटीएम सेवा, रेमिट्यान्स लगायतका आर्थिक क्रियाकलाप उपशाखाबाट गर्न सकिने श्रेष्ठले बताए। उक्त कार्यका लागि राखिएको बैंकिङ्ग डिभाइस नगर प्रमुख पोखरेलले उपशाखा घैलाडुब्बाका इञ्चार्ज अभय राजवंशीलाई हस्तान्तरण गरेका थिए।

सुरुङ्गा शाखाका प्रमुख खगेन्द्रबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाई, वडा नं. ९ का वडाध्यक्ष प्रेमप्रसाद राजवंशी, बैंकका प्रदेश उपप्रमुख मुकेश थापा, घैंलाडुब्बा बजार व्यवस्थापन समिति अध्यक्ष गोविन्द श्रेष्ठ, उद्योग वाणिज्य संघ कनकाईका उपाध्यक्ष अर्जुन बोहोरा लगायतले शुभकामना मन्तव्य राखेका थिए। उपशाखाका इञ्चार्ज अभय राजवंशीले स्वागत गरेका थिए।

# दाजुभाइले दिए वडा कार्यालयलाई जग्गा

**दूधे, पुस १४।** शिवसताक्षी नगरपालिका वडा नम्बर ९ को कार्यालय भवन निर्माणका लागि स्थानीय दाताले जग्गादान गरेका छन्।

वडा कार्यपालिकाको कार्यालय भवन लगायत आवश्यक भौतिक संरचना निर्माणका लागि शिवसताक्षी नगरपालिका वडा नम्बर ९ का मनकुमार र दीपेन्द्र कडरियाले चार कट्ठा जग्गा निःशुल्क उपलब्ध गराएका हुन्। उनीहरुले दान गरेको जग्गा पैतृक अचल सम्पति हो।

पूर्व-पश्चिम राजमार्गको यलम्बर चोकदेखि तीन सय मिटर दक्षिणमा कडरिया दाजुभाइले वडाको भवन निर्माणका लागि दिएको जग्गा छ। 'बुवा आमाको इच्छा पनि भूमिदान गर्ने थियो'- छोरा दीपेन्द्रले भने- बल्ल बुवा चन्द्रबहादुर र आमाद्वय रिनामाया र डम्बरकुमारीको स्मृतिमा जग्गादान गर्न पायौं।'

'पहिला कहाँ दिने, कसलाई दिने भन्ने हामी दाजुभाइमा अन्योल थियो। शिवसताक्षी नगरपालिका वडा नम्बर ९ का अध्यक्ष छविलाल पाठकले वडा कार्यालयका लागि जग्गा खोजिरहेको बताएपछि हाम्रो परिवारले वडाध्यक्ष पाठकको ल्याएको प्रस्ताव स्वीकार गरेको हो' -दीपेन्द्रले भने।

शिवसताक्षी नगरमा वडा नम्बर ९ मात्र वडा नम्बर ११ को संयुक्त भवनमा छ। स्थानीय तह गठन भएपछि वडा नम्बर ८, ९, १० र ११ दूधेस्थित साविकको सतासीधाम गाविस कार्यालयमा थिए। वडा नम्बर ८ झिलझिले र १० माईधार स्थानान्तरण भएपछि सो भवनमा हाल वडा नम्बर ९ र ११ रहेका छन्।

कडरिया दाजुभाइले दुई-दुई कट्ठा गरेर चार कट्ठा जग्गा दिएको वडाध्यक्ष छविलाल पाठकले जानकारी दिए। उनका अनुसार अब भवन लगायत आवश्यक भौतिक संरचना निर्माणका लागि बजेटको व्यवस्था गरेर दाताले दिएको जग्गामा वडा कार्यालयको भवन निर्माण हुनेछ।

दाताले दिएको जग्गा विधिवत रजिष्ट्रेसन पास भएर वडा कार्यालयको नाममा आएको शिवसताक्षी नगरपालिका वडा नम्बर ९ को कार्यालयले जनाएको छ।

# कालिकापीठमा तुलसीकृत रामायण पाठ

**कालीस्थान, पुस १४।** अर्जुनधारा-९ मा रहेको कालिकापीठ कालीस्थानको १७औं बार्षिक अनुष्ठान अन्तर्गत तुलसीकृत रामायणको अखण्ड पाठपारायण प्रारम्भ गरिएको छ।

बार्षिकोत्सवको अवसर पारेर प्रत्येक बर्ष सप्ताहव्यापी पुराणादी कार्य गरिँदै आएको भए पनि यस बर्ष कोरोना संक्रमणका कारण दुई दिवसीय कार्यक्रम तय गरिएको हो।



कालिकापीठ व्यवस्थापन समितिका अध्यक्ष ज्योतिषाचार्य लक्ष्मीप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा आ. रघुनाथ रिजालले वैदिक मन्त्रोच्चारण गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

आ. रिजालको आचार्यत्वमा सम्पन्न हुने अनुष्ठानमा पं. खडानन्द खतिवडा, पं भोलानाथ पोखरेल, पं. शिव अधिकारी, पं. ओमनाथ दाहाल, पं. तोया खनाल, पं. खेम मिश्र लगायतको सहआचार्यत्व रहने बताइएको छ।

# सिम्रिकको रणनीतिक गोष्ठी



**बिर्तामोड, पुस १४।** बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा तीन दिवसीय समिक्षा गोष्ठी सम्पन्न भएको छ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनको समयमा संस्थाको कारोबारमा परेको प्रभाव, संस्थाले गर्नुपरेको सामना र त्यसबाट निस्किएको परिणाम, अत्याधुनिक प्रविधि अवलम्बन गर्न र सञ्चालक समितिले बनाएको वार्षिक रणनीतिक कार्ययोजनालाई सफल बनाउन कार्यक्रमको आयोजना गरिएको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले बताए।

संस्थाको विभिन्न शाखाका शाखा प्रमुख र विभागीय प्रमुखहरुको सहभागिता रहेको समीक्षा गोष्ठीको सहजीकरण संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेत, विभागिय प्रमुख मिनबहादुर अधिकारी, आईटी विभाग प्रमुख यामबहादुर बिष्टले गरेका थिए।

कार्यक्रममा संस्थाका कार्यकारी प्रमुख बस्नेतले सिम्रिक साकोसको रणनीतिक योजना, कार्यकारी प्रमुख बस्नेत र विभागिय प्रमुख अधिकारीले सेवाकेन्द्रस्तरीय कारोबारमाथि विश्लेषण, प्रगति समिक्षा, आईटी विभाग प्रमुख बिष्टले संस्थाले प्रयोग गरिरहेको सहकारी लेखा राख्ने सफ्टवेयर, त्यसका थप सुविधाहरुका बारेमा सहभागी शाखा प्रमुखलाई जानकारी गराएका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष सुवास भट्टराईले संस्थाको श्रीवृद्धिका लागि कर्मचारीको भूमिका महत्वपूर्ण रहेकाले संस्थाले निर्धारण गरेको वार्षिक रणनीतिक योजना सफल पार्न शाखा प्रमुखहरुलाई निर्देशन दिए। कार्यक्रमको सञ्चालन संस्थाका विभागीय प्रमुख प्रेम बस्नेत बिजयले गरेका थिए।

यसैबीच सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले सदस्य सेवाकेन्द्र गोलधापका बजार प्रतिनिधि गोकर्ण घिमिरेको बुवाको निधनमा ६० हजार रुपैयाँ मृत्यु राहतसहित समवेदना पत्र प्रदान गरेको छ।

संस्थाका अध्यक्ष सुवास भट्टराई, कार्यकारी प्रमुख कमलबहादुर बस्नेत लगायतको टोलीले घिमिरे निवासमा गएर कर्मचारी एवम् शेयर सदस्यको निधनमा दुःख व्यक्त गर्दै श्रद्धाञ्जलि अर्पण गरेका थिए। श्रद्धाञ्जलि कार्यक्रमको सञ्चालन संस्थाका सचिव इन्द्रबहादुर कार्कीले गरेका थिए।


## जग्गा बिक्रीमा

अर्जुनधारा-८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ।

मो. ९८०७९१०२२२

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ।

मो. ९८४१३२८७९८, ९८१८९४०३१३/९८४२७५६१००

## आवश्यकता

इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.

गार्ड संख्या : ५० (महिला/पुरुष)

*नोटः १ नं. प्रदेशभरिको लागि*

अन्नपूर्ण चोक बिर्तामोड

फोन : ०२३-५४५७८२

९८०६०६१७००, ९८४४६८६९७०

## जग्गा बिक्रीमा

बिर्तामोड मुक्तिचोकबाट ५ किलोमिटर दक्षिण सैनिक क्याम्प,पथरभिट्टा हुँदै शिवालय चोकबाट २०० मिटर, दोर्णमार्ग (गोलधाप जाने मार्ग)मा रहेको १६ कठ्ठा क्षेत्रफल भएको प्लटिङयोग्य एवम् कृषिफर्मको लागि उपयुक्त जग्गा सस्तो सुलभ मुल्यमा बिक्रिमा छ। दलालले कष्ट नगर्नुहोला।


सम्पर्कः ९८४१९३३८५९,९८१५००६९९०

(सिधा सम्पर्कः ताराप्रकाश भट्टराई)

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९/९८४१३२१४६४

## मोटरसाइकल हराएको सूचना

यही २०७७ पौष १ गते बेलुका ८:३० बजे आफ्नै घर निवास बिर्तामोड-३ घौला पुल छेउबाट बजाज कम्पनीको १५० सीसीको रुपेश मेचेको नाममा रहेको पल्सर रातो-कालो रंग र इ.नं. DHY RKH 78984 चेसिस नं. MD2 A11 CY2KPH37670 प्र-१-०१-१२ प ७६६६ नम्बरको मोटरसाइकल हराएको हुनाले फेला पार्नु हुने महानुभावहरुले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु।

सम्पर्क : ९८१७०३२४३७, ९८१३६४६२९७


## नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, झापा

## साधारण सभा हुने बारेको सूचना

यस नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्था लि. को नवौं साधारण सभा कार्य समितिको मिति २०७७।०९।१३ को बैठकको निर्णय बमोजिम निम्न मिति, स्थान र समयमा हुने भएकोले उपस्थितीको लागि अनुरोध गर्दछौं।

साधारण सभा बस्ने मिति र स्थान — समय :- विहान १० बजेदेखि ३ बजेसम्म

| क्र.सं. | मिति | विवरण | स्थान |
|---|---|---|---|
| १ | २०७७।०९।२० गते | उद्घाटन कार्यक्रम | संस्थाको कार्यालयमा |
| २ | २०७७।०९।२१ गते | वि.न.पा वडा नं. ६ का शेयर सदस्यहरु | बुट्टावारी |
| ३ | २०७७।०९।२२ गते | वि.न.पा वडा नं. ५ का शेयर सदस्यहरु | संस्थाको कार्यालयमा |
| ४ | २०७७।०९।२३ गते | अर्जूनधारा न.पा. का शेयर सदस्यहरु | मता मन्दिर छेउ |
| ५ | २०७७।०९।२४ गते | वि.न.पा वडा नं. ४ का शेयर सदस्यहरु | संस्थाको कार्यालयमा |
| ६ | २०७७।०९।२६ गते | वि.न.पा वडा नं. अन्य वडा का शेयर सदस्यहरु | संस्थाको कार्यालयमा |
| ७ | २०७७।०९।२८ गते | समापन समारोह | संस्थाको कार्यालयमा |

नोट : प्रतिवेदन माथि छलफलका गर्नका लागि आफ्ना अमूल्य सुझावहरु मिति २०७७ पौष २६ गते भित्रमा कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ।

**साधारण सभामा छलफल हुने बिषयहरु**

१. सञ्चालक समितिको तर्फबाट आ.ब.२०७६।०७७ को बार्षिक प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने सम्बधमा।
२. आ.ब.२०७६।०७७ को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बधमा।
३. आ.ब.२०७६।०७७ को स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बधमा।
४. आ.ब.२०७७।०७८ को प्रस्तावित बार्षिक नीति तथा कार्यक्रम र बजेट माथि छलफल गरी अनुमोदन गर्ने सम्बधमा।
५. संस्थाको संशोधित विभिन्न नीति उपर छलफल गरी अनुमोदन गर्ने सम्बधमा।
६. निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णय गर्नको लागि समिति चयन गर्ने सम्बन्धमा।
७. शेयर सदस्यहरुलाई लाभांश वितरण गर्ने सम्बधमा।
८. संस्थाको विनियम संशोधन गर्ने सम्बधमा।
९. कोभिड-१९ को कारण लकडाउन भएको समयमा कर्जाको ब्याजमा छुट गर्ने सम्बधमा।
१० विविध


## UAE मा PSBD Guard हरुलाई रोजगार

securiguard Middle East

कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

L.T. No.: 227241

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 291 | 0 | [illegible] | 2000 | ६३,२०० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।

★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ।

फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट बिर्तामोडमा २०७७ पुस १९ र २० होटल होलिडे र खुकुरी होटल इटहरीमा पुस २१ र २२ गते हुनेछ।

सन लाईट ह्युमन रिर्सोस प्रा. लि.

Lic No. 689/063/064

सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,

फोन: ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४१८९,

मो.: ९८०३०९१५४०, ९८१४१४३६२३, ९८१०५६११११, ९८०४१५६१२१, ९८१३४१६५१२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब पुस १० गतेबाट खुल्ला

नेपाली कथानक चलचित्र

सेन्टी भाइरस

शुक्रवारबाट प्रदर्शनमा




पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रतिक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ। प्रेम प्रस्ताव आउला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ। नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यवसायका लागि यात्रा सम्भावना छ। सुमधुर दाम्पत्यले प्रफुल्लित भइनेछ। प्रेम र मित्रताको बन्धन कसिने समय छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार लगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मेहनतले राम्रै प्रतिफल दिलाउनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** चुनौति चिर्दै काम बनाउन सकिनेछ। पहिले इर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। तापनि, आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला। परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समयको माग अनुसार चल्न नसक्दा पछि परिनेछ। बौद्धिक व्यक्तिहरूसँग अनावश्यक प्रतिस्पर्धा हुन सक्छ। मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** महत्वाकांक्षी योजना गोप्य राख्नुहोला। मेहनतको फल अरूलाई सुम्पनुपर्ने स्थिति आउन सक्छ। परिबन्धले अप्ठ्यारो पर्न सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किन सक्छ। काम बिग्रने डरले सताइरहनेछ। बेसुरमा दिएको वचनले आफैंलाई अप्ठ्यारो पार्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ। आमाको माध्यमबाट काम बनाउन सकिनेछ। मातृ पितृ भक्त बन्नु होला।